आज मिति २०८० साल असार १६ गते शनिवार विहान ८:०० बजे यस तुर्माखाँद गाउँपालिका, गाउँ कार्यपालिकाको वैठक गाउँपालिका अध्यक्ष श्री डम्बर बहादुर वि.सी. ज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा वसी देहाय बमोजिमको निर्णयहरु गरियो।

<u>उपस्थिति</u>

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री डम्बर वहादुर वि.सी. | अध्यक्ष | | |
| २ | श्री विमला कुमारी शाही | उपाध्यक्ष | | |
| ३ | श्री लोक वहादुर शाही | प्रमुख प्रशासकीय अधिकृत | | |
| ४ | श्री उपेन्द्र वहादुर रावल | वडा अध्यक्ष | | |
| ५ | श्री नरेन्द्र वहादुर शाही | वडा अध्यक्ष | | |
| ६ | श्री काशिराम वुढा | वडा अध्यक्ष | | |
| ७ | श्री पदम वहादुर वि.सी. | वडा अध्यक्ष | | |
| ८ | श्री महेन्द्र वहादुर शाही | वडा अध्यक्ष | | |
| ९ | श्री टीकाराम जैसी | वडा अध्यक्ष | | |
| १० | श्री भीम वहादुर चलाउने | वडा अध्यक्ष | | |
| ११ | श्री निरक वहादुर शाही | वडा अध्यक्ष | | |
| १२ | श्री दमन वहादुर घर्ती | कार्यपालिका सदस्य | | |
| १३ | श्री झंकर वहादुर नेपाली | कार्यपालिका सदस्य | | |
| १४ | श्री मञ्जु थापा मगर | कार्यपालिका सदस्य | | |
| १५ | श्री निन्द्रा नेपाली | कार्यपालिका सदस्य | | |
| १६ | श्री सुनिता शाही | कार्यपालिका सदस्य | | |
| १७ | श्री लक्ष्मी चलाउने | कार्यपालिका सदस्य | | |

सज्जन बुढा
सूचना प्रविधि अधिकृत

## प्रस्तावहरु

१) करार सेवाका कर्मचारीको म्याद थप सम्बन्धमा।

२) विभिन्न निर्णयहरुको अनुमोदन सम्बन्धमा ।.

३) भुक्तानी दायित्व सम्वन्धमा ।

४) सार्वजनिक सुनुवाई सम्वन्धमा ।

५) समपुरक अनुदानको योजना संशोधन ।

६) निर्णयहरुको अनुमोदन ।

७) ONM स्वीकृत सम्वन्धमा ।

८) जंगलघाट पक्किपुल यथास्थानमा वनाउने सम्वन्धमा ।

९) डुङ्गेश्वर र टुनिवगरमा पक्कीपुल सम्वन्धमा ।

१०) आवधिक योजनामा समाविष्ट योजनाहरुको मात्रै सिफारिस गर्ने सम्वन्धमा ।

११) संघ र प्रदेशका योजनाहरुको नियमन र अनुगमन सम्वन्धमा ।

१२) ठेक्का रद्द सम्वन्धमा ।

१३) सुचना विज्ञापन तथा शुभकामना सम्वन्धमा ।

१४) ऐम्वुलेन्स संचालन कार्यविधि र चालक सम्वन्धमा ।

१५) गैससको नियमन सम्वन्धमा ।

१६) कक्षा ११ संचालन अनुमति सम्वन्धमा ।

१७) दिवा खाजाका लागि सुचना प्रकाशन ।

१८) कार्यविधि स्वीकृत गर्ने सम्वन्धमा ।

१९) आ व ०८०।०८१ को वजेट स्वीकृति सम्वन्धमा ।

२०) धन्यवाद ज्ञापन सम्वन्धमा ।

सरस्वता कुवर
सुचना अधिकृत अधिकृत

निर्णय नं १

यस तुर्माखाँद गाँउपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुको करार अवधि २०८० असोज मसान्त सम्म थप गर्ने । सो अवधि भित्र सम्पुर्ण कर्मचारीहरुको कार्यस्मपादन मुल्याङ्कन गरी यस पालिकाको स्वीकृत संगठन तथा व्यवस्थापन सर्भेक्षण वमोजिम कायम हुन आयको स्वीकृत दरवन्दी वमोजिम कार्यसम्पादन मुल्याङ्कनमा योग्य ठहर भएका करार कर्मचारीहरुको मात्र म्याद थप गर्ने निर्णय गरियो

निर्णय नं २

तुर्माखाँद गाँउपालिका गाँउ कार्यपालिकाले आ व ०७९।०८० को स्वीकृत कार्यक्रम वाहेक आवश्यकता र औचित्यताका आधारमा रकमान्तर गरी कार्यपालिकाको वैठकवाट निर्णय गराई कार्यान्वयन भएका सम्पुर्ण योजना तथा कार्यक्रम उपर खर्च हुन रकम र सो सम्वन्धि भए गरेका निर्णयहरु अनुमोदनका लागि गाँउसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ३

चालु आ व ०७९।०८० को स्वीकृत वजेट तथा कार्यक्रम कार्यान्वयनका सन्दर्भमा वजेट अभावका कारण भुक्तानी वाँकि रहेका तपशिलका योजना तथा कार्यक्रमहरुको भुक्तानि आगामि आ व मा हुने गरी म ले प फा नं २२१ मा राखि आ व ०८०।०८१ को वजेट तथा कार्यक्रममा सामावेश गर्ने र अनुमोदनका लागि गाँउ सभामा पेश गर्ने निर्णय गरियो ।

तपशिलः

| सि नं | योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | लाचि सुजेडा खानेपानी | ६०१०४९।० | |
| २ | माथिल्लो खोरकेखोला खानेपानी योजना | १६५०४४९।० | |
| ३ | विजुलेक लिफ्ट खानेपानी योजना | १५८७४०३९।० | |
| ४ | मेशिनरी सामग्री खरिद | २२१०००।० | |
| ५ | मध्यकालिन खर्च संरचना | ४९६६३५।० | |
| ६ | घरभाडा | १०८०००।० | |
| ७ | सवारी भाडा | १००००0।० | |
| ८ | विद्यालय शिक्षक अनुदान | ४६१५०००।० | |
| | जम्मा | ९३७९५५६ | |
| | | | |

सजना बुढा
सूचना प्रविधि अधिकृत

## निर्णय नं ४

चालु आ व ०७९।०८० मा यस तुर्माखाँद गाँउपालिकाद्धारा सम्पादन हुन गएका सम्पुर्ण क्रियाकलापहरु एवं सम्पन्न हुन गएका विभिन्न योजना तथा कार्यक्रमवाट प्राप्त उपलव्धि र खर्चको सार्वजनिकिकरण गर्न यहि मिति २०८०।०३।३० गते शनिवारका दिन वडा नं ४ को कार्यालयमा सार्वजनिक सुनुवाई गर्ने निर्णय गरियो ।

## निर्णय नं ५

संघिय सरकारको आगामि आ व ०८०।०८१ को वजेट तथा कार्यक्रममा यस पालिका अन्तर्गत समपुर अनुदानवाट पुनेपाटा देखि जंगलघाट सम्म सडक कालोपत्रे आयोजनामा रु ८० लाख विनियोजन हुन गएको । सो सडक खण्ड सुदुरपश्चिम सरकारको जंगलघाट देखि मंगलसेन हुदै वडिमालिका सडक निर्माण प्राथमिकता प्राप्त गौरवको आयोजन अन्तर्गत पर्ने र चालु आ व मा उक्त योजनाका लागि सुदुरपश्चिम प्रदेश सरकावाट वजेट समेत विनियोजन हुन गै दोहोरो पर्न गएकाले उक्त पुनेपाटा जंगलघाट सडक कालोपत्रे नामक योजनाको सट्टामा रहफ भुलु तुर्माखाँद सडक निर्माण योजना कायम गरी योजना कार्यन्वियनको व्यवस्थाका लागि संघिय सरकार अन्तर्गत सम्वन्धित निकायमा सिफारिस सहित अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं ६

तुर्माखाँद गाँउ कार्यपालिकाले मिति २०७९।१२।३० देखि यता हाल सम्म विभिन्न मितिमा विभिन्न प्रस्तावहरु रकमान्तर, शिक्षक दरवन्दी मिलान तथा समायोजन, विभिन्न खरिदहरु, आवधिक योजना, त्रिवर्षिय मध्यकालिन संरचना, आ व ०७८।०७९ र सो भन्दा पुर्व निर्माण कार्य सम्पन्न भै भुक्तानि दिन वांकि योजनाहरुको वर्गिकरण र भुक्तानि दिने सम्वन्धि गरिएका निर्णयहरु अनुमोदनका लागि गाँउ सभामा पेश गर्ने निर्णय गरियो ।

## निर्णय नं ७

तुर्माखाँद गाँउपालिकाको काम र सेवाको प्रकृति अनुसार विद्यमान संगठन चार्ट र दरवन्दि तेरिज वमोजिमको मानव संशाधन अपुग हुन गै सेवा प्रवाह प्रभावित हुन गएको सन्दर्भमा संगठनलाई चुस्त दुरुस्त वनाई छिटो छरितो सेवा प्रवाह गर्न गाँउ कार्यपालिकाको कार्यालयले विज्ञ सेवा लिई निर्माण गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण गाँउ कार्यपालिकाको वैठकवाट स्वीकृत भै अनुमोदनका लागि गाँउ सभामा पेश हुन आएकाले सो संगठन तथा व्यवस्थापन सर्भेक्षण वमोजिमको संगठन तालिका र तरवन्दी तेरिज स्वीकृत गरी अनुमोदनका लागि गाँउ सभामा पेश गर्ने निर्णय गरियो ।

सज्जन बुढा
सूचना प्रविधि अधिकृत

## निर्णय नं ८

चिसापानी जंगलघाट मङ्गलसेन सडक अन्तर्गत जंगलघाटमा पक्की पुल निर्माणका सन्दर्भमा विभिन्न अफवाह फैलाई पुल निर्माण कार्यमा ढिलासुस्ति भैरहेको परिस्थितिमा यस भन्दा पुर्वको सर्भेक्षण र विस्तृत परियोजना अध्ययन प्रतिवेदन वमोजिम तोकिएकै स्थानमा पक्की पुल निर्माणका लागि सम्वन्धित निकायमा यस पालिकाका अध्यक्षको नेतृत्वमा वडाध्यक्षहरु संलग्न डेलिगेशन सडक विभाग पुल महाशाखामा गै अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं ९

यस तुर्माखाँद गाँउपालिका वडा नं १ २ ३ र ६ को भुभाग अझै पनि सडक संजालमा नजोडिएका कारण उक्त भेगका जनताले आवतजावत कृषि उपजको ढुवानी लगायत अन्य जिविकोपार्जनका सन्दर्भमा कष्टकर जिवन विताईरहेको परिस्थितिमा उक्त भेगलाई कर्णाली राजमार्गसंग जोड्न वडा नं १ को रहफ र वडा नं ६ को टुनिवगरमा पक्की पुल निर्माणका लागि आवश्यक संभाव्यता अध्ययन गरी DPR तयार गरी यथासक्य चाँडो पुल निर्माण कार्यलाई अगाडि वढाई दिनका लागि भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय,सडक विभाग अन्तर्गत पुल महाशाखालाई अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं १०

यस गाँउपालिको भौतिक पुर्वाधार सडक, भवन पुल खानेपानी विजुलि वत्ति निर्माणका लागि संघ र प्रदेश सरकारमा प्रस्ताव पेश गर्दा वा योजनाहरु छनौट गरी पठाउनु पर्ने भएमा यस पालिकाको पंचवर्षिय आवधिक योजनामा समाविष्ट योजनहरु मध्ये प्राथमिकताका आधारमा मात्र छनौट गरी पठाउने निर्णय गरियो ।

## निर्णय नं ११

यस गाँउपालिका क्षेत्र भित्र संघ र प्रदेश सरकारको अनुदानमा निर्मित विभिन्न योजनाहरुका सम्बन्धमा उपभोक्ता समिति गठन ,योजना निर्माण र भुक्तानी प्रक्रिया एवं गुणस्तर र टिकाउपनका सन्दर्भमा जनगुनासो वढिरहेकाले अव उपरान्त संघ र प्रदेश सरकारवाट सोझै अनुदान प्राप्त गरी निर्माण हुने सवै योजनाहरुलाई अनुगमन र नियमनको दायरामा ल्याउने र लागत अनुमान वमोजिम निर्धारित गुणस्तरमा सम्पन्न भएमा मात्र भुक्तानिका लागि सिफारिस प्रदान गर्ने निर्णय गरियो ।

सज्जन बुढा
सूचना प्रविधि अधिकृत

निर्णय नं १२

चालु आ व ०७९।०८० मा बोलपत्र आह्वान गरी ठेक्का सम्झौता गर्ने तर समयमा सम्पन्न नगरी काम अधुरो राखे तपशिल बमोजिमका निर्माण कम्पनिसंग म्याद थप नगरी ठेक्का सम्झौता रद्द गर्ने र नियमानुसार कारवाहीको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

तपशिल:

| सि नं | ठेकेदार कम्पनिको नाम | योजनाको नाम | कैफियत |
|---|---|---|---|
| १ | रत्नश्री कन्स्ट्रक्सन | सुर्य मा वि भुलु | |
| २ | लक्ष्मी जे एम कन्स्ट्रक्सन | भैरवस्थान भुलु रहफ सडक निर्माण | |
| ३ | अग्रिम उन्नति कन्स्ट्रक्सन | भैरवस्थान स्वास्थ्य चौकि | |
| | | | |

निर्णय नं १३

यस तुर्माखाँद गाँउपालिका गाँउकार्यपालिकाको कार्यलयबाट उत्पादन हुने विभिन्न सुचना तथा शुभकामना कार्यालयको अनुमति नलिई विना सम्झौता प्रकाशन तथा प्रसारण गर्ने र भुक्तानीका लागि विल भरपाई पेश गर्ने प्रवृतिले वजेट व्यवस्थापन गर्न नसकिने भएकाले चालु आ व ०८०।०८१ देखि स्वीकृत वजेट तथा कार्यक्रम अन्तर्गत शिर्षकगत विनियोजित वजेटको परिधि भित्र रहि कार्यालयको आवश्यकताका आधारमा सम्झौता गरी दिएको सुचनाको मात्र भुक्तानी दिने व्यवस्था कडाईका साथ लागु गर्ने निर्णय गरियो ।

निर्णय नं १४

यस पालिका अन्तर्गत तुर्माखाँद र धमाली स्वास्थ्य चौकीद्वारा संचालन गर्ने गरी खरिद गरिएका २ वटा एम्वुलेन्सको व्यवस्थित र दिगो रुपमा संचालनका लागि एम्वुलेन्स संचालन कार्यविधि निर्माण गरी तदनुरुप एम्वुलेन्स संचालन गर्ने र प्रतिस्पर्धाका आधारमा योग्य चालक छनौटका लागि १५ दिने सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

सज्जन बुढा
सूचना प्रविधि अधिकृत

निर्णय नं १५

यस पालिकालाई कार्यक्षेत्र वनाई काम गरिरहेका गैरसरकारी संस्थाहरुलाई नियमन गर्नका लागि विवरण अध्यावधिक गरी कार्यालयमा लगत कायम गर्ने । यस पालिका र तततत गैसस विच भएको समझदारीपत्र (MOU) वमोजिम काम गरे नगरेको अनुगमन गरी नियमन गर्ने र पुनरावलोकनका आधारमा समयिसमा थप गर्ने वा हेरफेर गर्ने निर्णय गरियो ।

निर्णय नं १६

यस पालिका वडा नं ३ स्थित विन्ध्यवासिनी मा वि आमीले आवश्यक कागजात सहित कक्षा ११ संचालन अनुमतिका लागि माग फारम पेश गरेको सन्दर्भमा अध्ययन गर्दा गाँउ शिक्षा समितिले प्रक्रिया एवं मापदण्ड पुरा गरेको ठहर गरी कक्षा ११ संचालन अनुमतिका लागि गरेको सिफारिसका आधारमा उक्त विधालयलाई शै स २०८० देखि कक्षा ११ संचालन अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं १७

आ व ०८०।०८१ देखि सामुदायिक विद्यालयहरुमा दिवा खाजा कार्यक्रम cash model मा गएकाले स्थानिय उत्पादनलाई वढावा दिने र स्थानिय स्तरमा उपलव्ध खाद्य पदार्थमा आधारित दिवा खाजा कार्यक्रम व्यवस्थापनका लागि सहकारी संस्था वा अन्य सामुदायिक संस्थाद्वारा प्रस्ताव आह्वानका लागि सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं १८

यस पालिकाको आ व ०८०।०८१ को स्वीकृत कर वमोजिम आन्तरिक राजश्व वृद्धिका लागि पालिका अन्तर्गत सवै किसिमका पेशा व्यवसायलाई करको दायरमा ल्याई नियमन गर्न निर्मित व्यवसाय दर्ता तथा नविकरण सम्वन्धि कार्यविधि २०८० स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

सज्जन बुढा
सुचना प्रविधि अधिकृत